नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

३१ औं वार्डेन एवं मध्यवर्ती क्षेत्र सेमीनारको प्रतिवेदन

चैत्र, २०७१

जैविक विविधता संरक्षण : विगत, वर्तमान र भाविष्य

Biodiversity Conservation : Past, Present and Future

३१ औं वार्डेन एवं मध्यवर्ती क्षेत्र सेमीनारको प्रतिवेदन

फागुन १९-२३, २०७१ **(March 3-7, 2015)**

चितवन राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र

अमलटारी, नवलपरासि

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाण्डौ

चैत्र, २०७१

प्रतिवेदन तयार गर्ने : श्री शेर सिंह ठगुन्ना, व्यवस्थापन अधिकृत
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

सहयोगी : श्री खेमराज प्रसाई, कम्प्युटर अधिकृत
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

सल्लाहकार : श्री टीकाराम अधिकारी, महानिर्देशक
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री फणिन्द्रराज खरेल, उप-महानिर्देशक
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

सर्वाधिकार © : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चैत्र, २०७१

मुद्रण :

स्पष्टीकरण : यस पुस्तिकामा प्रस्तुत गरिएका कार्यपत्रहरू प्रस्तुतकर्ताका निजी विचारहरू हुन् ।

हार्दिक आभार

भौगौलिक विविधता तथा विद्यमान जलवायुको संयोगले नेपाल जैविक विविधता, वन, वनस्पति, वन्यजन्तु र प्राकृतिक सम्पादाका लागि विश्वमै धनि रहेको छ । नेपालमा जैविक विविधता संरक्षणको नेतृत्वदायी भूमिकामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग रहेको छ जसले यो उद्देश्य प्राप्तिका लागि विभिन्न संरक्षण साझेदार हरूसंग समन्वय र सहकार्य गर्दै आएको छ । नेपाली सेना, मध्यवर्ती क्षेत्रका समुदाय, डब्लु.डब्लु.एफ. नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष, पंक्षि संरक्षण संघ, ZSL नेपाल, लगायत अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूले जैविक विविधता संरक्षण कार्यमा अमुल्य योगदान पुऱ्याउँदै आएका छन् ।

संरक्षित क्षेत्रहरूको व्यवस्थापनका क्रममा हासिल भएका उपलब्धीहरू एवं अनुभवहरू आदान प्रदान गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आयोजनामा चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने अमलटारीमा २०७१ फागुन १९ गतेदेखि २३ गतेसम्म ३१ औं वार्डेन एवं मध्यवर्ती क्षेत्र सेमीनार सफलतापूर्वक सम्पन्न भएको छ । **"जैविक विविधता संरक्षण : विगत, वर्तमान र भविष्य"** भन्ने नाराका साथ आयोजना गरिएको उक्त सेमीनारले संरक्षित क्षेत्र व्यवस्थापनका वर्तमान चुनौतिहरू पहिचान गरी ती चुनौतिहरूलाई अवसरमा बदल्नका लागि मार्गनिर्देश हुनेछ । सेमीनारमा पारित गरिएका संकल्पहरूको कार्यान्वयन भई संरक्षणका मुख्य चुनौतिहरू सामना गर्दै संरक्षण कार्यलाई थप प्रभावकारी रूपमा अगाडि बढाउन सकिने आशा गरीएको छ । यस सेमीनारको संकल्पहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा संरक्षण साझेदारहरूबाट सदाझैं निरन्तर सहयोग प्राप्त रही रहने छ ।

यस सेमीनारमा सक्रीय रूपमा सहभागी भई रचनात्मक सुझाव दिनु भएकोमा सम्पूर्ण सहभागीहरूलाई विभागको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । यस अवसरमा कार्यपत्र प्रस्तुत गर्नुहुने प्रस्तोताहरू साथै छलफलमा सक्रिय सहभागी भएका सम्पुर्ण सहभागिहरूलाई धन्यवाद ज्ञापन गर्दछु । यस सेमीनारको ब्यवस्थापनका लागि अहोरात्र खट्नुहुने ब्यवस्थापन अधिकृत श्री शेर सिंह ठगुन्ना लगायत विभाग कर्मचारीहरू साथै चितवन राष्ट्रिय निकुन्ज परिवारलाई बिशेष धन्यवाद छ । आर्थिक सहयोग गर्ने डब्लु.डब्लु.एफ. नेपाल, डब्लु.डब्लु.एफ. नेपाल हरियोवन कार्यक्रम, राष्ट्रिय प्रकृति संरक्षण कोष, पंक्षि संरक्षण संघ र ZSL नेपाललाई धन्यवाद छ । अमलटारि होमस्टे, टेम्पल टाईगर ग्रिन भिलेज रिसोर्ट, मचान वाईल्डलाईफ लगायतले गरेको योगदानका लागि धन्यवाद छ ।

अन्तमा यस सेमीनारको उद्घाटन समारोहमा प्रमुख अतिथीको रूपमा उपस्थित भई कार्यक्रमको गरिमा बढाइदिनु भएकोमा माननीय वन तथा भू-संरक्षण मन्त्री महेश आचार्यज्यू र वन तथा भू-संरक्षण मन्त्रालयका सचिव शरदचन्द्र पौडेलज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

.....

टीकाराम अधिकारी

महानिर्देशक

संक्षिप्त रूप

ACA	Annapurna Conservation Area
BCN	Bird Conservation Nepal
BNP	Bardia National Park
BZ	Buffer Zone
BZMC	Buffer Zone Management Committee
CBO	Community Based Organization
CCO	Chief Conservation Officer
CIB	Central Investigation Bureau
CNP	Chitwan National Park
COP	Conference of Parties
DFO	District Forest Office
DNPWC	Department of National Parks and Wildlife Conservation
GDP	Gross Domestic Product
GIS	Geographical Information System
GPS	Global Positioning System
HH	Household
HWC	Human Wildlife Conflict
IUCN	International Union for Conservation of Nature
Km^2	Square Kilometer
KTWR	Koshi Tappu Wildlife Reserve
MIST	Management Information System Technology
NA	Nepal Army
NGO	Non-Governmental Organization
NP	National Park
NTNC	National Trust for Nature Conservation
PA	Protected Area
PWR	Parsa Wildlife Reserve
REDD	Reducing Emissions from Deforestation and Forest Degredation
SAWEN	South Asia Wildlife Enforcement Network
ShNNP	Shivapuri Nagarjun National Park
SSC	Species Survival Commission
SSP	Senior Superitendent of Police
SWR	Shuklaphanta Wildlife Reserve
TAL	Terai Arc Landscape
VDC	Village Development Committee
WCCB	Wildlife Crime Control Bureau
WCN	Wildlife Conservation Nepal
WPM	Wildlife Premium Mechanism
WR	Wildlife Reserve
WWF	Word Wide Fund for Nature
ZSL	Zoological Society of London

विषय सूची

खण्ड एक ---------- १-७

१.१ पृष्ठभुमि ---------- १

१.२ उद्घाटन समारोह ---------- २

स्वागत मन्तव्य ---------- २

शुभकामना मन्तव्य ---------- ३

उद्घाटन मन्तव्य---------- ५

धन्यवाद ज्ञापन ---------- ६

समापन मन्तव्य---------- ६

खण्ड दुई : प्राविधिक सत्र ----------८-११

२.१ पहिलो दिन ----------८

पहिलो सत्र----------८

सत्राध्यक्षको मन्तव्य----------८

दोश्रो सत्र ----------८

सत्राध्यक्षको मन्तव्य----------९

दोश्रो दिन २०७१ फागुन २१ गते----------९

तेस्रो दिन २०७१ फागुन २२ गते ---------- ११

३१ औं वार्डेन एवं मध्यवर्ती क्षेत्र सेमीनारको समापन---------- ११

अनूसुचीहरु ----------१३-१२०

खण्ड एक

१.१ पृष्ठभुमि

वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत वन विभाग को एक शाखाबाट वि.सं. २०२८ साल देखि नेपालमा जैविक विविधता संरक्षणको शुरूवात भएको थियो । वि.सं. २०३८ सालमा वन तथा भू-संरक्षण मन्त्रालयको पाँच वटा विभाग मध्ये राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले संरक्षित क्षेत्रहरूको स्थापना, संरक्षण र ब्यवस्थापन लगायत अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन गर्नमा नेतृत्वदायि भूमिका प्रदान गर्दै आएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापनासंगै (वि.सं. २०३८ साल) वार्डेन सेमीनारको शूरूवात भयो । व्यवस्थापनका सवल तथा दुर्लभ पक्ष, समस्या तथा समाधानका उपाय, भावी मार्ग दर्शन तय गर्ने र आउदा दिनमा व्यवहारमा ल्याउदै जाने परम्पराको थालनी भई हरेक वर्ष वार्डेन सेमीनारको आयोजना हुदै आएको छ । संरक्षणका अवसर र चुनौतिलाई समेटेर वार्डेन सेमीनारको लागि सान्दर्भिक नारा चयन गरिन्छ । यस वर्षको वार्डेन सेमीनारको नारामा विगत, वर्तमान देखि भविष्यमा जैविक विविधताको महत्व झल्किन्छ ।

मध्यवर्ती क्षेत्र ब्यवस्थापन समितिका अध्यक्षहरूको बैठक वि.सं. २०५९ सालदेखि शुरू भई वि.सं. २०६३ सम्म छुट्टै संचालन हुँदै आएकोमा वि.सं. २०६४ मा चितवन राष्ट्रिय निकुञ्जको माडीमा सम्पन्न २४ औं वार्डेन सेमीनारदेखि मध्यवर्ती क्षेत्र समितिका अध्यक्षहरूको बैठक पनि वार्डेन सेमीनारसंगै संयुक्त रूपमा संचालन गर्ने गरिएको छ । त्यसैगरी बिगतका वार्डेन सेमीनारहरूमा नेपाली सेनाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयबाट एक जना प्रतिनिधीलाई आमन्त्रण गर्ने गरिएकोमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको ककनीमा सम्पन्न २५ औं वार्डेन सेमीनारदेखि निकुञ्ज/आरक्ष सुरक्षार्थ खटाईएका नेपाली सेनाका गण/गुल्मका प्रमुखहरूलाई पनि सेमीनारमा सहभागी गराउने गरिएको छ ।

३१ औं वार्डेन सेमीनार तथा १३ औं मध्यवर्ती क्षेत्र ब्यवस्थापन समितिका अध्यक्षहरूको बैठक मिति २०७१ फागुन १९ गतेदेखि २३ गतेसम्म चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने अमलटारी, नवलपरासिमा जैविक विविधता संरक्षण : विगत, वर्तमान र भविष्य **(Biodiversity Conservation : Past, Present and Future)** भन्ने नाराका साथ सफलतापूर्वक सम्पन्न भएको छ ।

१.२ उद्घाटन समारोह

उद्घाटन समारोहमा सभापति, प्रमुख अतिथि, अतिथिहरू

चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र अन्तर्गत नवलपरासी जिल्लाको अमलटारिमा संचालित होमस्टेको सास्कृतिक भवनमा ३१ औं वार्डेन सेमीनार तथा १३ औं मध्यवर्ती क्षेत्र अध्यक्ष वैठक राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री टीकाराम अधिकारीज्यूको अध्यक्षतामा उद्घाटन समारोह सुसम्पन्न भएको थियो । यस उद्घाटन समारोहमा उपस्थित प्रमुख अतिथी माननीय वन तथा भू-संरक्षण मन्त्री महेश आचार्यज्यू, विशेष अतिथी वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री शरदचन्द्र पौडेलज्यू, अतिथीहरू एवं सहभागीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

यस समारोहमा वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत क्षेत्रिय वन निर्देशनालयका क्षेत्रिय वन निर्देशकहरू, विभिन्न विभागका प्रतिनिधिहरू, नेपाली सेनाका पदाधिकारीहरू, मध्यवर्ती क्षेत्रका अध्यक्षहरू, संरक्षण साझेदार संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, समाज सेवि, विज्ञ, पत्रकार, लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।

स्वागत मन्तव्य

उद्घाटन कार्यक्रममा आमन्त्रित प्रमुख अतिथी, अतिथीहरू तथा सहभागीहरूलाई चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत श्री कमलजंग कुवरले स्वागत गर्दै वार्डेन सेमीनारको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । मन्तव्यका क्रममा वहाँले व्यक्त गर्नु भएका विचारहरू निम्नानुसार रहेका छन् ।

यस उद्घाटन समारोहमा श्रीमान् महानिर्देशक, प्रमूख अतिथि माननीय वन तथा भू-संरक्षण मन्त्री महेश आचार्यज्यू, श्रीमान् सचिवज्यू लगायतका बिशिष्ट महानुभावहरूको उपस्थितिले कार्यक्रमको गरिमा बढाउनुका साथै संरक्षित क्षेत्रको अझ प्रभावकारी ब्यवस्थापनका लागि हौसला प्रदान गरेको । म मेरो तर्फबाट र चितवन राष्ट्रिय निकुन्ज परिवारको तर्फबाट यस निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने अमलटारी होमस्टेमा हार्दिक स्वागत गर्दछु । संरक्षण क्षेत्रको इतिहास चितवन राष्ट्रिय निकुन्जबाट शुरू भएको परिपेक्षमा यसले बाघ, हात्ति, गैडा जस्ता ठूला अति महत्वपूर्ण वन्यजन्तुको संरक्षण गर्नमा सम्पूर्ण संरक्षण साझेदार संस्था लगायतको प्रमुख भूमिका रहदै आएको छ । संरक्षित क्षेत्रको ब्यवस्थापन चानेचुने कुरा होइन । यसको लागि स्थानीय समुदाय तथा सम्पूर्ण सरोकारवालाको भूमिका महत्वपूर्ण हुने विश्वासका साथ यो निकुन्ज अगाडि बढेकोले एक पछि अर्को सफलता प्राप्त भएको छ । उदाहरणका लागि शुन्य चोरि शिकार वर्ष हर्षका साथ मनाउन पाईयो । यस सेमिनारको नारा समय सापेक्ष रहेको छ । संरक्षणको इतिहास, भोगेका अनुभव, चुनौतिबाट पाठ सिक्दै वर्तमानमा राम्रा सफल कार्य गरिदै छन् र भावी दिनहरूकालागि मार्ग दर्शन प्रसस्थ हुनेमा विश्वस्त छौं । संरक्षित क्षेत्र ब्यवस्थापनमा रहेका विभिन्न चुनौतिलाई कसरी सम्बोधन गर्न सकिन्छ भनेर योगदान गर्नका लागि यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूलाई पुनः हार्दिक स्वागत छ ।

सेमिनारको समुद्घाटन : ३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्रका अध्यक्ष वैठक उद्घाटन समारोह कार्यक्रमका प्रमुख अतिथी वन तथा भू-संरक्षण मन्त्रालयका माननीय मन्त्री महेश आचायर्ज्यूले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक उद्घाटन गर्नु भएको थियो ।

संरक्षणकर्मीहरूको सम्फनामा एक मिनेट मौन धारण : नेपालमा वन, वन्यजन्तु, पारिस्थितिकीय प्रणाली, जैविक विविधता संरक्षण कार्यमा कार्यरत रहेकै अवस्थामा वन्यजन्तुहरूको आक्रमण तथा विभिन्न कारण र दुर्घटनामा परी दिवंगत हुनुभएका सम्पूर्ण संरक्षण कर्मीहरूप्रति सम्मान अर्पण गर्नका लागि एक मिनेट मौन धारण गरिएको थियो ।

शुभकामना मन्तव्य :

१. श्री मधुकर मल्ल, अध्यक्ष, चितवन राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति

चितवन राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति नेपालको जैविक विविधता संरक्षणमा अहं जिम्मेवारि निर्वाह गर्दै आएको छ । भाविष्यमा पनि क्रियाशील रही संरक्षण कार्यलाई आफ्नो कार्यथलोको रूपमा कायमनै राख्ने प्रतिबद्धता जनाउदै अध्यक्ष मधुकर मल्लले ३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्रका अध्यक्ष वैठक उद्घाटन समारोहको सफलता सहित शुभकामना मन्तव्य दिनुभएको थियो । सोही अवसरमा मध्यवर्ती क्षेत्रमा अझ प्रभावकारि ढंगबाट कार्य संचालन गर्न चितवन राष्ट्रिय निकुन्ज कार्यालयले आर्जन गरेको राजश्व रकमको ५० प्रतिशत मध्यवर्ती क्षेत्रको खातामा पठाउने व्यवस्था गरि दिन हुन, नदी कटानबाट प्रभावित जग्गाहरूको रकम सरकारले उपलब्ध गराउन, मध्यवर्ती क्षेत्रमा काम गर्ने कर्मचारिको तलब सुविधा उपलब्ध गराउन का साथै वन्यजन्तुबाट पिडित व्यक्तिलाई दिईने राहत रकममा बृद्धि समेत हुनु पर्ने माग गर्नु भएको थियो ।

२. श्री बाबुकृष्ण कार्की, निर्देशक, महासेनानी, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय

नेपालमा निकुन्ज आरक्षको शुरूवात संगै संरक्षण कार्यमा नेपाली सेना इमानदारि, दत्त चित्त भई निरन्तर कार्यरत छ । संरक्षण पुण्य र धार्मिक जिम्मेवारी ठानी नेपाली सेना दृढता पूर्वक अहोरात्र संरक्षण कार्यमा खटिएको छ । संरक्षण कार्यका लागि नेपाली सेना सदा कटिबद्ध छ भन्दै ३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्रका अध्यक्ष वैठक उद्घाटन समारोहमा सफताको कामना गर्दै शुभकामना मन्तव्य व्यक्त गर्नु भयो ।

३. श्री विश्वनाथ उप्रेति, पूर्वमहानिर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका पहिलो महानिर्देशक श्री विश्वनाथ उप्रेतिले वार्डेन सेमिनारको शुरूवात चितवन राष्ट्रिय निकुन्जमा प्रथम पटक भाग लिएको र हाल ३१ औं वार्डेन सेमिनारमा सक्रियता पुर्वक भागलिन पाउदा गौरवानित तथा खुसि लागेको जनाउदै पूर्वमहानिर्देशकज्यूहरूको प्रतिनिधित्व गर्दै शुभकामना मन्तब्य व्यक्त गर्नु भएको थियो । शुभकामना मन्तव्य गर्ने सिलसिलामा वार्डे सेमिनार गराउनुको उद्देश्य प्रष्ट्याउनु भयो । सो अवसरमा वहाँले सवै वार्डेनहरूलाई नेपालका हरेको निकुन्ज आरक्षको भौगौलिक अवस्था, त्यहाको व्यवस्थापन पक्ष, विद्यमान समस्या र समस्या समाधानका उपायहरूको थयेष्ट ज्ञान सिप र अनुभव आदान प्रदान होस भन्ने धारणाका साथ पहिलो वार्डेन सेमिनारको आयोजना चितवन राष्ट्रिय निकुन्जमा भएको थियो । शुरूवातका दिन देखि हालसम्म पनि आउदा दिनका लागि यस्ता सेमिनारहरूले प्रभावकारि व्यवस्थापनको मार्ग दिसा कोर्द छ । यसले गर्दा नेपालको संरक्षण पद्दतिले विश्वमा नाम कमाएको जगजाहर छ भन्दै सेनिारको सफलतको कामना गर्नु भएको थियो ।

४. डा. घनश्याम गुरूङ, वरिष्ट संरक्षण निर्देशक, डब्लु डब्लु एफ नेपाल

नेपालको प्राथकिता अनुसार भूपरिधि स्तरमा डब्लु डब्लु एफ नेपालले सहयोग गर्दै आएको छ । अब उपजलाधार (Basin Approach) क्षेत्र, पर्यटन, जलविद्युत र climate chage जस्ता विषयलाई पनि समेटि सहयोग जुटाउन पर्ने र डब्लु डब्लु एफ नेपाल संरक्षण कार्यमा सदा सहयोगि रहने बाचा गर्दै यस सेमिनारको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

५. श्री गोविन्द गजुरेल, सदस्य सचिव, राष्ट्रिय प्रकृति संरक्षण कोष

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव श्री गोविन्द गजुरेलले संरक्षण जस्तो महान कार्यमा होमिनु भएका सरक्षणकर्मिहरूको यस सेमिनारलाई शुभकामना दिन पाउदा हर्षविभोर भएको जनाउदै वन्यजन्तुको संरक्षण, चोरि शिकार तथा अवैध व्यपार नियन्त्रण कार्यका लागि मूलतः वार्डेनहरूको भूमिका महत्वपूर्ण रहेको छ । संरक्षण कार्यको जिम्मा वार्डेनको लगायत हामि सवैको हो । जिम्मेवारिको साथै मानव जातिलाई प्रेम गरे जस्तै वन्यजन्तुलाई माया प्रेम गर्नु पर्दछ । तसर्त मानव वन्यजन्तु वीचको द्वन्द्व न्युनिकरण बारे यस सेमिनारले गहन छलफल गरि मार्ग प्रसस्त गर्ने आशा व्यक्त गर्नु भएको थियो । जैविक विविधता जस्तो अमूल्य निधीको संरक्षण हामीले गर्नु पर्दछ । हाम्रा पूर्खाले जोगाइदिएको भएर हामीले देख्न र भोग्न पायौं । अब त्यो जिम्मा हाम्रो भएकोले जिम्मेवारी वहन गर्न हामी लाग्नु पर्दछ । पूर्खाले सुम्पेको नासोलाई अझ राम्रो बनाएर भावी पिँढीमा बुझाउनु पर्दछ । जैविक विविधता संरक्षण जस्तो चुनौतिपूर्ण कार्य कुशलतापूर्वक सम्पन्न गरी संरक्षण कार्यमा अग्रणी भूमिका निर्वाह गर्ने सम्पूर्ण वार्डेन साथीहरू प्रति आभार व्यक्त गर्दछु । आगामी दिनमा पनि संरक्षणका लागि सम्पूर्ण सरोकारवालाहरू बीच समन्वय र सहकार्यले निरन्तरता पाउने अपेक्षा सहित वार्डेन सेमीनारको पूर्ण सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

६. डा. अखिलेश्वर लाल कर्ण, क्षेत्रिय वन निर्देशक, पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय

वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत पाँचवटै क्षेत्रिय वन निर्देशनालयहरूको प्रतिनिधित्व गर्दै पश्चिमाञ्चल क्षेत्रिय

वन निर्देशनालयका क्षेत्रिय वन निर्देशक डा. अखिलेश्वर लाल कर्णले सर्वप्रथम यस पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालयको जिम्मेवारि क्षेत्रमा पर्ने चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र नवलपरासि जिल्ला को अमलटारिमा माननीय मन्त्रीज्यू लगायत सहभागि सवैलाई हार्दिक स्वागत छ । यस सेमिनारको पूर्ण सफताको कामना गर्दछु । साथै डा. कर्णले आफ्नो श्वागत मन्तव्यका क्रममा संरक्षण कार्यका सफलताले वन्यजन्तुको संख्या उल्लेख्य हिसावबाट बढेका छन् साथै चुनौति पनि छन्, राम्रो नतिजाका लागि व्यवस्थापन, नियम, कानुनमा के कस्तो सुधार आवश्यक छ गहन छलफल गरि संकल्प तयार गरिनेमा विश्वास लिएको छु भनि शुभकामना दिनु भयो ।

उद्घाटन मन्तव्य

श्री शरदचन्द्र पौडेल, सचिव, वन तथा भू-संरक्षण मन्त्रालय

यस कार्यक्रममा उद्घाटन मन्तव्य व्यक्त गर्ने क्रममा विशेष अतिथी वन तथा भू–संरक्षण मन्त्रालयका सचिव श्री शरदचन्द्र पौडेलले सेमिनारको सफताको कामना गर्दै निर्देशनहरू सहित निम्न धारणा व्यक्त गर्नु भएको थियो ।

जैविक विविधता मानव सभ्यताको आधार हो । प्रकृति विनास भए मानव सभ्यता नष्ट हुन्छ । संरक्षित क्षेत्र प्रकृति जोगाई राख्न र मानव अस्तित्व संरक्षणका लागि स्थापना गरिएको हो । संरक्षित क्षेत्रमा काम गर्ने कर्मचारिले अनुशासित, पारदर्शी, इमानदारी पुर्वक गरेको कार्यले नै नेपालमा वन, वनस्पति, वन्यजन्तु र जैविक विविधताको संरक्षण सफल भएको छ र विश्वमा सह्रनिय एवं अनुकरणिय भएको छ । साथै वन नीति २०७१ ले वन क्षेत्रको विकास गर्ने हुँदा विशेष ध्यान दिन, वेरूजु घटाउन, अतिक्रमण रोक्न वनकर्मिले ध्यान दिन निर्देशन समेत दिनु भएको थियो । चरिचरन, आगलागि नियन्त्रण गर्नुका साथै मानव वन्यजन्तु द्वन्द्व नियन्त्रण गर्न र संरक्षणका प्रयास सफल वनाउन संरक्षण कार्यमा संलग्न सवै सरकारि तथा गैर सरकारि संस्थाहरूको समन्वयकारि भूमिका अपरिहार्य छ । वन वन्यजन्तु संग सम्बन्धित अपराध नियन्त्रण गर्न समेत समन्वय बढाउन प्रेरित गर्नु भयो । संरक्षण कार्य एकल प्रयासले मात्र सम्भव हुने नदेखिदा हरेक नागरिकले महत्वपूर्ण जिम्मेवारि बहन गर्न आग्रह गर्नु भयो ।

माननीय मन्त्री महेश आचार्य, प्रमुख अतिथि, वन तथा भू-संरक्षण मन्त्रालय

३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्रका अध्यक्ष वैठक उद्घाटन समारोहका प्रमूख अतिथि माननीय वन तथा भू-संरक्षण मन्त्री महेश आचार्यज्यूले आफ्नो मन्तव्य व्यक्त गर्दै संरक्षणको कार्य एकल प्रयासमा सम्भव नहुने हुँदा समन्वयकारि ढंगमा जोड दिनु भयो । संरक्षण कार्य self sustatin बनाउने प्रयास गरि राजश्व वढाउन र राहत रकम सरल तथा समय सापेक्ष बनाउन राहत नीतिमा परिमार्जन गर्न निर्देशन दिनु भयो । नेपालका संरक्षित क्षेत्रहरूको क्षेत्रफलले तिनमा आश्रीत ठूला वन्यजन्तुका लागि वासस्थन सागुरा सावित भएकाले क्षेत्रफल बढाउन अपरिहार्य हुन गएको छ । संरक्षित क्षेत्रबाट संकलन हुने रकमबाट मध्यवर्ती क्षेत्रका समुदायलाई बढी भन्दा बढी फायदा हुने कार्य गर्नु पर्ने र महिला समुदायले गरेका कार्य सफल भएका हुंदा वहाँहरूको नेतृत्वलाई बढाउन प्रेरित गर्न सुझाव दिनु भयो । मन्तव्यका क्रममा माननीय मन्त्री महेश आचार्य ज्यूले Orphan animal resque hospital, zoological park को स्थापना गरि संरक्षण सम्बन्धि सवैको जनचेतना जगाउनु पर्नेमा जोड दिनु भयो । साथै जैविक विविधता संरक्षण कार्यका लागि जुनसुकै प्रकारको सहयोग गर्न प्रतिबद्धता जानउदै उदाहरणीय कार्य गर्न संरक्षणकर्मीहरूको हौसला बढाउनु भयो ।

धन्यवाद ज्ञापन

श्री तुलसिराम शर्मा, योजना अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

माननीय वन तथा भू-संरक्षण मन्त्री महेश आचार्यज्यूले आफ्नो कार्य व्यस्तता हुँदा हुँदै पनि ३१ औं वार्डेन सेमिनार तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष वैठकको गरिमालाई महत्व दिई प्रमुख अतिथीको आशन ग्रहण गरी जैविक विविधता संरक्षण, वन्यजन्तु को वासस्थान संरक्षण तथा विस्तार, wildlife crime control, निकुन्ज, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रको समुचित व्यवस्थापनमा प्रभावकारिता र लाभान्स न्यायोचित ढंगबाट उपलब्ध गराउने एवं यस्ता कार्यमा सरकारि तथा गैर सरकारि संस्थाहरूको निरन्तर सहयोग रहने विश्वास लिदै संरक्षणका भावि दिन उज्ज्वल रहुन भनि संरक्षणकर्मीहरूलाई हौसला प्रदान गर्नु भएकाले माननीय मन्त्रीज्यू प्रति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग परिवारका तर्फबाट आभार व्यक्त गर्दै आयोजकका तर्फबाट योजना अधिकृत श्री तुलसिराम शर्माले हार्दिक धन्यवाद ज्ञापन गर्नु भएको थियो । विशेष अतिथी वन तथा भू-संरक्षण मन्तलयका सचिव श्री शरदचन्द्र पौडेलज्यूले हाम्रो निमन्त्रणा स्विकार गरि समय प्रदान तथा वन तथा भू-संरक्षण मन्तलयको तर्फबाट निर्देशन दिनु भएकोमा वहाँलाई धन्यवाद दिनु का साथै यस उद्घाटन समारोहमा उपस्थित सवै प्रति आभार तथा धन्यवाद ज्ञापन गर्नु भयो । धन्यवादका क्रममा श्री तुलसिराम शर्माले नेपालका संरक्षित क्षेत्रहरू भौगोलिक हिसाबले बिशिष्ट पारिस्थितिकीय प्रणाली रहेका छन् तिनको उचित व्यवस्थापनका लागि समय सापेक्ष ऐन नियमको परिमार्जन आवश्यक छ । संरक्षण साझेदार संस्थाहरूको सहयोग देशको आवश्यकता अनुसार त्यतिकै जरूरि छ । पर्सा र कोशीटप्पु वन्यजन्तुको क्षेत्र विस्तार गर्न सके मानव वन्यजन्तु वीचको द्वन्द्व उल्लेख्य मात्रामा कम गर्न सकिने विश्वास लिदै सवै पक्षबाट रचनात्मक सहयोग उपलब्ध गर्न हुन र यस सेमिनारमा यहाँहरू सवैको गरिमामय सहभागिताको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका तर्फबाट धन्यबाद दिनु भयो ।

समापन मन्तव्य

सभाध्यक्ष श्री टीकाराम अधिकारी, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

३१ औं वार्डेन सेमिनार एवं १३ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष वैठकको उद्घाटन समारोहको समापन गर्दै सभाध्यक्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री टीकाराम अधिकारीज्यूले आफ्ना सारगर्भित विचार राख्नु भएको थियो ।

सर्वप्रथम माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, क्षेत्रिय वन निर्देशकज्यूहरू, नेपाली सेना, विभिन्न साझेदार संघ संस्थाहरू यस ३१ औं वार्डेन सेमिनार एवं १३ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन

समिति अध्यक्ष वैठकको उदघाटन समारोहमा अमुल्य समय दिई योगदान गर्नु भएको मा आभार व्यक्त गर्नु भयो । नेपालको संरक्षण प्रयास प्रजाति संरक्षणबाट शूरू भए पनि समयको अन्तरालमा भू–परिधिस्तरीय, सिमापार संरक्षण सम्मका अवधारणलाई व्यवस्थापनको अंग बनाईएको छ । धेरै सफलता हासिल गरिएको छ तर चुनौति पनि विद्यमान छन् । चुनौतिलाई निराकरण गर्न स्थानीय समुदायको महत्वपुर्ण भूमिका रहेको छ । यसैले सहभागितामूलक जैविक विविधता संरक्षण व्यवस्थापनको अभिन्न पाटो हुन गएको छ र निरन्तर रहने छ । असल काम गर्ने कर्मचारिलाई पुस्कृत गरिने छ तर संरक्षणमा आघात पुग्ने काम गर्नको अपराध क्षम्य हुने छैन ।

वि.स. २०३९ साल देखि संरक्षित क्षेत्रको ब्यवस्थापनमा निकुन्ज आरक्ष र वन्यजन्तुको सुरक्षा को जिम्मेवारी नेपाली सेनाको काँधमा रही आएको छ । संरक्षित क्षेत्रको ब्यवस्थापनमा हासिल भएको उपलब्धीमा नेपाली सेनाको ठूलो भूमिका रहेको छ । भावी दिनमा नेपाली सेनाले आधुनिक प्रविधिको उपयोगलाई सशक्त बनाई संरक्षण, व्यवस्थापन र सुरक्षा मझबुद बनाउने विश्वास सत्राध्यक्ष श्री टीकाराम अधिकारीज्यूले व्यक्त गर्नु भयो ।

चोरि शिकार प्रतिरोधमा युवा परिचालनको महत्व बढेको छ फलस्वरूप चोरी शिकार नियन्त्रण देखि शुन्य सम्म पुग्नु संरक्षणको सफलता हो । निरन्तर सफलता को अपेक्षा गर्दै यसको श्रेय निकुन्ज प्रशासन, नेपाली सेना, नेपाल प्रहरी र मध्यवर्ती क्षेत्रका समुदायहरूलाई जान्छ र अझ संगठित तथा समन्वयात्मक रूपमा प्रभावकारि कार्य गरिने छ भनि विश्वास दिलाउनु भयो ।

आगामि दिनमा शून्य चोरी शिकार मनाउनका लागि मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाहरू र संरक्षण साझेदार हरूको सहयोग निरन्तर रही रहेको छ ।

मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राहत नीतिलाई सरल तथा परिमार्जन गरि सम्बन्धितलाई उपलब्ध गराउने व्यवस्था मिलाउन राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग सदा तत्पर छ भन्ने विश्वास दिलाउनु भएको थियो ।

जैविक विविधता संरक्षण र तिनका वासस्थान ठूला विकास कामबाट प्रभावित हुने गरेको छ । तर विकास र संरक्षणबीच सन्तुलन कायम गर्न आवश्यक छ । जलविद्युत, सडक, रेलमार्ग आदि निर्माण तथा संचालनबाट जैविक विविधतामा पर्नसक्ने प्रतिकूल प्रभावलाई कसरी न्यूनीकरण गर्ने भन्ने तर्फ बिशेष ध्यान दिनुपर्ने अवस्था छ । विकास कार्यमा कार्यरत सरकारी तथा गैर सरकारी निकाय संग समन्वय गरी सन्तुलन कायम गर्न कोशिष गरिने छ ।

खण्ड दुई : प्राविधिक सत्र

२.१ पहिलो दिन

पहिलो सत्र

पहिलो दिनको प्रथम प्राविधिक सत्रको अध्यक्षता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप-महानिर्देशक श्री फणिन्द्रराज खरेलज्यूले गर्नुभएको थियो । यस सत्रमा जैविक विविधता संरक्षण : विगत, वर्तमान र भविश्य (Biodiversity Conservation : Past, Present and Future) भन्ने ३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष वैठकको नारासंग सम्बन्धित प्रस्तुति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका इकोलोष्टि श्री गोपाल प्रकाश भट्टराईले प्रस्तुत गर्नु भएको थियो ।

सोही प्रस्तुति संग संरक्षण जिम्मेवारी : विगत, वर्तमान र भविश्व भन्ने मूल विषय तथा संरक्षण क्षेत्रमा प्रविधिको उपयोग र सफलताका सम्बन्धमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका निर्देशक तथा महासेनानी श्री बाबुकृष्ण कार्कीले प्रस्तुत गर्नु भयो ।

सोही सत्रमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका संरक्षण शिक्षा अधिकृत डा. महेश्वर ढकालले Effectiveness of Wildlife Crime Control in South Asia भन्ने विषयमा आफ्नो प्रस्तुति प्रष्ट पार्नु भएको थियो । डा. ढकालले वन, वनस्पति, वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणका लागि Global concern, South Asia र नेपालमा गरेको कार्य तथा भावि दिनमा गर्नु पर्ने कार्यको व्यहोरा समावेश गर्नु भएको थियो ।

सत्राध्यक्षको मन्तव्य :

यस सत्रका अध्यक्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक श्री फणिन्द्रराज खरेलज्यूले प्रस्तोताहरू, छलफलमा सुझाव राख्ने व्यक्तिहरू साथै प्रस्तुती तथा छलफल ध्यानपूर्व सुनिदिनु भएकोमा सम्पूर्ण सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै जैविक विधिताको इतिहासमा समय समयमा गरिएका व्यवस्थाको सिंहावलोकन प्रस्तुतिबाट गरियो । नेपाली सेनाले प्रस्तुत गरेका प्रविधिहरू संरक्षणका लागि फलदायि छन् यिनको उपयुक्त उपयोग गरिनु पर्दछ भन्नु भयो र यस सत्रको समापन भएको जानकारी गराउनु भयो ।

दोश्रो सत्र :

दोश्रो सत्रको अध्क्षता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्वमहानिर्देशक श्री विश्वनाथ उप्रेतिज्यूले गर्नु भएको थियो । यस सत्रमा तलका प्रस्तुति प्रस्तुत गरिएका थिए ।

प्रस्तुतिको क्रममा ZSL Nepal Office का कार्यक्रम अधिकृत श्री टेक राज भट्टले ZSL संरक्षण कार्यक्रमको रणनीति, उद्देश्य र Way Forward का विषयमा बोल्नु भएको थियो । राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको संरक्षण कार्यक्रममा सहयोगिको भूमिका निर्वाह गर्न तत्पर रहने व्यहोरा प्रकट गर्नु भएको थियो ।

डा. प्रशन्न योन्जन, WCN ले संरक्षण विद्यालयबाटै शुरू हुन्छ भन्दै Nepal Prakriti Pathshala को विषय का बारेमा प्रस्तुत गर्नु भएको थियो । जैविक विविधता संरक्षणबारे डकुमेन्ट्रि देखाउनु भएको थियो ।

Technologies in Wildlife Conservation विषयमा Lt Col Sudeep Panta, IT Department, Nepalese Army को प्रस्तुति रहेको थियो । केहि निकुन्ज आरक्षहरूमा लागु गरि सकेको छ । तुरून्ता तुरून्तै जानकारि प्राप्त हुने हुँदा व्यवस्थापन कार्य चुस्त हुने विश्वास लिईएको छ । तर Realistic, Effectiveness, Affordability, Operability, Maintenance जस्ता चुनौति लाई निराकरण गर्न चनाखो हुनु उतिकै आवश्यक हुन्छ । तसर्थ कर्मचारीलाई समय समयमा Technology बारे तालीम दिई तिखार्नु पर्दछ ।

तराई भूपरिधि कार्यको तर्फबाट श्री श्याम कुमार साहले संरक्षणका लागि सरकार, समुदाय र साझेदार संस्थाका वीच Coordination, Cooperation, Collaboration and Communication 4 C हुनु पर्नेमा जोड दिनु भयो ।

सत्राध्यक्षको मन्तव्यः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पुर्वमहानिर्देशक एवं पहिलो दिनको दोश्रो सत्रका अध्यक्ष श्री विश्वनाथ उप्रेतिज्यूले सवै प्रस्तुकर्तालाई धन्यवाद दिनु भयो । मलाई यस सत्रको अध्यक्षता ग्रहण गर्ने मौका दिनु भएकोमा आयोजकलाई समेत धन्यवाद दिदै निकुन्ज आरक्ष स्थापनाका लागि शुरूमा कठिन प्रयास गरिएको थियो । संरक्षणमा विभिन्न साझेदार संस्थाको सहयोग आवश्यक छ । विश्वमा नयां नयां प्रविधिको विकास भएका छन् समय संगै नेपालको संरक्षणमा प्रयोग गरिनु आवश्यक भए पनि सुरक्षाको सुनिश्चितता र जिम्मेवारी प्रष्ट हुनु पर्छ । कार्यपत्र प्रस्तोताहरू, छलफलमा भाग लिनु हुने व्यक्ति र सुझाव दिने सवै जनालाई तथा सम्पूर्ण सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै दोश्रो सत्रको समापन गर्नु भयो ।

दोश्रो दिन २०७१ फागुन २१ गते

प्रथम सत्र

पहिलो सत्रको अध्यक्षता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्वमहानिर्देशक श्री श्याम सुन्दर बजिमयज्यूले गर्नु भएको थियो । यस सत्रमा Animal Resque Center को प्रस्तुति NTNC को रणनीति, उद्देश्य र भावि दिनको योजना, Asian Elephant, जैविक विविधता संरक्षण लगायतका विषय सम्बन्धि पेपरहरू प्रस्तुत गरिएका थिए । सत्राध्यक्षले समय पालन र प्रस्तुति रोचक बनाउन तथा प्रश्नकर्तालाई सोझै प्रश्न राख्न सुझाव गर्नु भएको थियो ।

प्रथम प्रस्तोताको भूमिकामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका योजना अधिकृत श्री तुलसिराम शर्माले Animal Resque Center को आवश्यकता तथा व्यवस्थापनमा तर्कपुर्ण प्रस्तुति गर्नु भयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका तर्फबाट डा. चिरन्जिवि प्रसाद पोखरेल र श्री अम्बिका खतिवडाले NTNC को रणनीति, उद्देश्य र Way Forward का विषयमा प्रकाश पार्नु भयो । राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत संचालित कार्यक्रम, आयोजनाका बारे जानकारि दिदै जैविक विविधता संरक्षण, जनचेतना अभिबृद्धि, research, सामुदायिक विकासमा प्राविविधक तथा आर्थिक श्रोत परिचालन गर्दै जाने व्यहोरा प्रस्तुत गर्नु भएको थियो ।

अपि नाम्पा संरक्षण क्षेत्र कार्यालयका नि. प्रमुख संरक्षण अधिकृत श्री अशोक रामले Asian elephants (Elephas maximus) outside the Protected Area: Geospatial habitat status, migratory routes & human elephant interface in Eastern Nepal विषयमा आफुले गरेको अध्ययन सम्बन्धि प्रस्तुति का साथै हात्ती व्यवस्थापनका लागि सुझाव दिनु भयो ।

सत्राध्यक्षको मन्तव्य

यस सत्रका अध्यक्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्वमहानिर्देशक श्री श्याम सुन्दर बजिमयज्यूले प्रस्तोताहरू, छलफलमा जिज्ञासा तथा सुझाव राख्ने व्यक्तिहरू साथै प्रस्तुती तथा छलफल ध्यानपूर्व सुनिदिनु भएकोमा सम्पूर्ण सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै आफ्ना सारगर्भित विचार व्यक्त गर्नुभयो ।

- ✓ प्रस्तुतीहरू समानुकूल, सान्दर्भिक र सैद्धान्तिक पक्ष अत्यन्त सवल रहेको तर यस्ता अवधारणालाई नेपालको सन्दर्भमा कसरी कार्यान्वयन गर्ने भन्ने बिषय चुनौतिपूर्ण रहेको छ । वन्यजन्तु Resque center उच्चस्तरको सुविधा सम्पन्न हुनु आवश्यक छ ।
- ✓ NTNC जस्ता conservation partner को सहयोग निरन्तर रहनु जैविक विविधता संरक्षणका लागि फलदायि हुनेछ ।

दोश्रो सत्र

यस दोश्रो दिनको दोश्रो सत्रको अध्यक्षता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्वमहानिर्देशक श्री गोपाल प्रशाद उपाध्यायज्यूले गर्नु भयो । यस सत्रमा कानूनी पक्ष, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, निर्देशिका र घरपालुवा हात्ती व्यवस्थापनका विषयमा कार्यपत्र पेश गरिएका थिए ।

निकुन्ज आरक्ष र संरक्षण क्षेत्र व्यवस्थापनका लागि नियमावलीको समय सापेक्ष परिमार्जन गरिनु अति आवब्यक हुन्छ । यस सेमिनारमा खप्तड राष्ट्रिय निकुन्जका संरक्षण अधिकृत श्री अमिर महर्जनले खप्तड राष्ट्रिय निकुन्ज नियमावलीमा परिवर्तन गर्नु पर्ने नियमहरू प्रस्ट्याँउदै प्रस्तुति गर्नु भएको थियो ।

मध्यवर्ती क्षेत्र ब्यवस्थापन नियमावली २०५२ र निर्देशिका २०५६ का केही नियमहरूमा संशोधनको लागि छलफल प्रस्ताव गरिएको छ । संरक्षण अधिकृत श्री रामदेव चौधरी, श्री नारायण रूपाखेती र श्री पशुपति अधिकारीको संयुक्त प्रस्तुति मिति २०७१ साल फागुन २१ गते रहेको थियो ।

हात्तीहरूको निकुन्ज आरक्ष व्यवस्थापन र पर्या पर्यटनमा अहम भूमिका रहि आएको छ । तर हात्तीलाई मानवबाट दिईएको शास्ति दर्दनाक छ । यस्ता क्रियाकलापबाट हात्तीहरूलाई मुक्त राख्न चितवन राष्ट्रिय निकुन्जमा ELEPHANT AID INTERNATIONAL को सहयोगमा Chain Free Corrals, Elephant Foot Care Program and Compassionate Elephant Care प्रोजेट संचालन गरिएको जानकारि चितवन राष्ट्रिय निकुन्जका प्रमुख संरक्षण अधिकत श्री कमलजंग कुवर र Carol N Bugli को संयुक्त प्रस्तुति रहेको थियो । हात्ती व्यवस्थापनका विविध पक्ष झल्कने भिडियो प्रस्तुत गरिएको थियो ।

सत्राध्यक्षको मन्तव्य :

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्वमहानिर्देशक श्री गोपाल प्रशाद उपाध्यायज्यूले प्रस्तुत गरिएका सवै प्रस्तुतिले वन्यजन्तु, जनता वीचको सम्बन्ध सुमधुर बनाउन कानूनी पाटोलाई सबल तुल्याई सुविधा प्रदान गर्ने र जैविक विविधताको उचित संरक्षण गर्नमा मद्दत पुग्ने छ भन्नु भयो । हात्तीलाई Chain free बनाउन सकिनेमा विश्वास लिन सकिन्छ । यो अध्ययनकै क्रम र विषयका रूपमा छ यसको नतिजा लाई हेरेर अगाडि बढ्न भन्दै सहभागिहरूलार्य धन्यवाद दिदै सत्रको समापन गर्नु भयो ।

तेस्रो दिन २०७१ फागुन २२ गते

पहिलो सत्रको अध्यक्षता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री टीकाराम अधिकारीज्यूले गर्नु भयो । यस सत्रमा DNPWC को सूचना प्रणाली विकास का वारेमा, हिउ चितुवाको अध्ययन अनुसन्धान लगायत बन्द सत्र जारि रहेको थियो । दिउसोको कार्यक्रम फिल्ड अवलोकन गरिएको थियो र कार्यक्रमको समापन समेत सत्राध्यक्ष एवं महानिर्देशक श्री टीकाराम अधिकारीज्यूले गर्नु भयो ।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्त संरक्षण विभागका कम्प्युटर अधिकृत श्री खेमराज प्रसाईले Implementation of E-Governance at DNPWC and PAs सम्बन्धि प्रस्तुत गर्नु भएको थियो । यस कार्यबाट फिल्ड र सेन्टरमा सिधा सम्पर्क बढ्ने छ । संरक्षण कार्यमा प्रभावकारिता ल्याउन मद्दत पुग्ने र सरल तरिकाबाट सुचना आदान प्रदान हुने कुरा प्रस्तुत गर्नु भयो ।

Snow Leopard Ecosystem Protection Program (GSLEP): Progress Update of Nepal विषयमा कंचनजंघा संरक्षण क्षेत्रका संरक्षण अधिकृत श्री हेमराज आचार्यले हिँउ चितुवाको महत्व झल्काउदै संरक्षणका प्रयास, चुनौति र व्यवस्थापनका पक्षहरूमा प्रकास पार्नु भएको थियो ।

वन्द सत्र :

यस सत्रमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग परिवारमात्रको सहभागिता रही विभाग अन्तर्गत काम गर्ने वातावरण (Working Envrironment) कसरि राम्रो हुन सक्छ, अध्ययन अनुसन्धान, वैदेशिक भ्रमण, सभा सेमिनार, संस्थाहरू संगको सम्बन्ध जस्ता विविध विषयमा छलफल हुनुका साथै भावि दिनहरू सुनौला बनाउन विचार व्यक्त भएका थिए ।

३१ औं वार्डेन एवं मध्यवर्ती क्षेत्र सेमीनारको समापन

३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष वैठकको समापन सत्रको अध्यक्षता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री टीकाराम अधिकारीज्यूले गर्नु भएको थियो । सर्व प्रथम अध्यक्ष श्री टीकाराम अधिकारीज्यूले सेमीनारको समापनका अवसरमा प्रमुख अतिथिको लागि समय प्रदान गरी माननीयय वन तथा भू-संरक्षण मन्त्री महेश आचार्यज्यूले गर्नु भएको योगदानका लागि आभार तथा धन्यवाद ज्ञापन गर्नु भयो । सचिवज्यू लगायत समपूर्ण सहभागिहरूलाई धन्यवाद दिदै हरेक वर्ष संचालन गरिने वार्डेन सेमीनार अत्यन्त महत्वपूर्ण छ । संरक्षण धार्मिक काम हो, एकलो प्रयासले संरक्षण सम्भव छैन यसमा सवैले हातोमालो गर्नु पर्दछ । हाम्रो प्रयास जारि राख्नु पर्दछ र राम्रा प्रविधिलाई अंगाल्नु पर्दछ । हामिले इमानदारी, बफादारि पुर्वक संरक्षणका काम गर्नु पर्दछ । जानी जानी संरक्षणमा आघात पुऱ्याउने कर्मचारिको गल्ति क्षम्य हुने छैन । असल कार्य गर्ने कर्मचारिलाई पुरूस्कृत गरिने छ भन्दै सेमिनारको समापन भएको घोषणा गर्नु भयो ।

अनूसुचीहरू

३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष बैठकका संकल्पहरू

१. विभाग तथा अन्तर्गतका कार्यालयहरूको स्वीकृत दरबन्दी बमोजिम कर्मचारी छनौट प्रक्रियाको लागि आवश्यक पर्ने पाठ्यक्रम विकास, पदपूर्ति, तालिम एवं भौतिक पूर्वाधार ब्यवस्था गर्न आवश्यक पहलगर्ने (प्रशासन र व्यवस्थापन शाखा) ।

२. समस्यामूलक, घाईते र टुहुरा वन्यजन्तुहरूको उद्धार तथा व्यवस्थापन गर्न उपयुक्त स्थानमा वन्यजन्तु उद्धार एवं पुर्नस्थापना केन्द्र स्थापनाको लागि अध्ययन अगाडि बढाउने (इकोलोजी र योजना शाखा) ।

३. मध्यवर्ती क्षेत्र ब्यवस्थापन नियमावली, २०५२ लगायतका नियमहरूलाई समय सापेक्ष एवं प्रभावकारी बनाउनको लागि स्थलगत रूपमा अन्तर्क्रिया गरी संशोधनको प्रक्रिया अगाडि बढाउने (मध्यवर्ती क्षेत्र सञ्जाल र ब्यवस्थापन शाखा) ।

४. ढोरपाटन शिकार आरक्ष र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा तत्काल गर्न आवश्यक पहलगर्ने (ब्यवस्थापन शाखा र सम्बन्धित निकुञ्ज/आरक्ष) ।

५. संरक्षित क्षेत्रको सुरक्षा ब्यवस्थालाई थप प्रभावकारी बनाउन Real Time, SMART Patrolling Application लगायतका अत्याधुनिक सूचना प्रविधिको उपयोग गर्ने ब्यवस्था मिलाई केन्द्र र स्थानीय स्तरमा एकिकृत सूचना केन्द्र तथा अपरेशन कक्ष स्थापना गरी ब्यवस्थापन निकाय र सुरक्षा निकायले संयुक्त रूपमा संचालन गर्ने (नेपाली सेना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय र योजना शाखा) ।

६. भविष्यमा UAV, Air Observation Equipment तथा Surveillance Equipment को प्रयोगलाई बढवा दिन र बिस्तार गर्नको लागि तराईस्थित संरक्षित क्षेत्रमा एक र हिमाली संरक्षित क्षेत्रमाएक एयरस्ट्रिपको पहिचान गरी सम्बन्धित स्थानीय संरक्षित क्षेत्रको स्वामित्वमा ल्याउन आवश्यक पहल गर्ने (ब्यवस्थापन शाखा) ।

७. प्रकृति संरक्षण कार्यमा कम्तिमा दुई बर्ष योगदान गरेका सुरक्षाकर्मीहरूलाई प्रकृति संरक्षण पदक (Nature Conservation Medal) बाट सम्मान गर्न आवश्यक ब्यवस्था मिलाउन पहल गर्ने (नेपाली सेना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, ब्यवस्थापन शाखा र प्रशासन शाखा) ।

८. संरक्षित क्षेत्रहरू बीच भगिनी सम्बन्धको अवधारणा (Sister Park Concept) लाई संस्थागत रूपमा आगाडि बढाउनको लागि आवश्यक कानूनी ब्यवस्था मिलाउनका लागि पहल गर्ने (मध्यवर्ती क्षेत्र संजाल र ब्यवस्थापन शाखा) ।

९. पर्यटक प्रवेश शुल्क उठाउने कार्यलाई थप ब्यवस्थित गर्न कम्प्युटरमा आधारित प्रविधि प्रयोगमा ल्याउनका लागि नीतिगत ब्यवस्था मिलाई आवश्यक पूर्वाधार विकास गर्ने (योजनाशाखा) ।

१०. मकालु बरूण राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षको प्रभावकारी सुरक्षा ब्यवस्था मिलाउनको लागि नेपाली सेना तैनाथ गर्न आवश्यक पूर्वाधार बिकास गर्ने ब्यवस्था मिलाउने (नेपाली सेना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय र योजना शाखा) ।

११. चितवन राष्ट्रिय निकुञ्जको कसरामा अबस्थित प्रकृति संरक्षण शिक्षालय (Nature Conservation School) लाई Center of Excellence को रूपमा बिकास गर्न सबै पक्षले साझा र एकिकृत पहल गर्ने (नेपाली सेना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, मध्यवर्ती क्षेत्र सञ्जाल र संरक्षण शिक्षा शाखा) ।

१२. कञ्चनजंघा संरक्षण क्षेत्रको खाम्बाचेनमा हिउँचितुवा अनुसन्धान केन्द्र स्थापना गर्न पहलगर्ने (इकोलोजी शाखा) ।

१३. पर्वतारोहणबाट प्राप्त सलामी दस्तुर सम्बन्धित संरक्षित क्षेत्रको संरक्षण र ब्यवस्थापनमा खर्च गर्ने ब्यवस्था मिलाउन आवश्यक पहल गर्ने (योजनाशाखा) ।

१४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागर अन्तर्गतका संरक्षित क्षेत्रहरूमा E-Governance लागू गर्नका लागि DNPWC-MIS तथा National Wildlife Database को विकास गर्ने (संरक्षण शिक्षा शाखा) ।

१५. ३१ औं वार्डेन सेमिनार तथा १३ औं मध्यवर्ती क्षेत्र ब्यवस्थापन समिति अध्यक्ष बैठक सफलता पूर्वक सम्पन्न गर्नको लागि सहयोग पुऱ्याउने संघ, संस्था, जस्तै (NTNC, WWF Nepal, WWF Nepal Hrioban Program, ZSL Nepal, BCN), सहभागीहरू साथै चितवन राष्ट्रिय निकुञ्ज, श्री नयाँ भैरवीदल गुल्म अमलटारी, चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र ब्यवस्थापन समिति, अमलटारी मध्यवर्ती क्षेत्र उपभोक्ता समिति तथा अमलटारी मध्यवर्ती होमस्टे परिवार, Temple Tiger Green Jungle Resort, Machan, Tharu Lodge लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैलाई हार्दिक धन्यवाद ।

सेमीनारका प्रस्तूतीहरू

जैविक विविधता संरक्षण : विगत, वर्तमान र भविष्य

Biodiversity Conservation : Past, Present and Future

गोपाल प्रकाश भट्टराई
इकोलोजिष्ट
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

प्रस्तुतिको शिलशिला

- विगत देखी राणकालीन अवधि (वि.सं. २००७) सम्म
- राणा शासन पछी पञ्चायती व्यवस्था (२००७-२०४६) सम्म
- बहुदलीय व्यवस्था (२०४७-२०६३) सम्म
- गणतान्त्रीक नेपाल (२०६३ -२०७१) सम्म
- भोगिएका मुख्य चुनौतिहरू
- २०७१ पछी (Way forward)

विगत देखी राणा शासन (वि.सं. २००७) सम्म

जैविक विविधता संरक्षणमा नेपालको पहिलो लिखित कानून



- तत्कालीन श्री ५ महाराज सुरेन्द्र विर बिक्रम शाहले वि.सं. १८२६ (सन १७६९) मा वन र वन्यजन्तु संरक्षणको लागि नागार्जुन वनमा लिखित उर्दि जारी गरेका थिए

- त्यसबखत दिनभर कडा परिश्रम गर्ने ज्यामीले प्रतिदिन प्रतिव्यक्ति ने.रू. ०.१६ ज्याला पाउथे । तर नागार्जुन वनको एउटा जरायो मारे वा मार्न प्रयत्न गरे रू. २५०.०० सजायको व्यवस्था शिलालेखमा उल्लेख । त्यसैगरी ससाना चराचुरूङ्ग जस्तै ढुकुर, तित्रा, प्युरा मारेमा रू. ५.०० तथा तिनको फुल फोर्ने, चोर्नेलाई रू. २.५० सजाय ताकिएको ।

श्री ५ महाराजधीराज सूरेन्द्र विक्रम साहका हुकुमको उर्दि

शिलालेखमा उल्लेख विविध प्रावधान

- यो वन भित्रका कस्तुरि मार्न्यालाई मोहोर रूपैयां २०० जरिवाना गर्नु १
- मृग घोरल मार्न्यालाई ५० रूपैयां जरिवाना गर्नु २
- चितल वरोठे मार्न्यालाई १०० रूपैयां जरिवाना गर्नु ३
- लगुना मार्न्यालाई ६० रूपैयां जरिवाना गर्नु ४
- थार मार्न्यालाई १५० रूपैयां जरिवाना गर्नु ५
- जराया मार्न्यालाई २५० रूपैयां जरिवाना गर्नु ६
- दम्सी मार्न्यालाई २० रूपैयां जरिवाना गर्नु ७
- चौगडा मार्न्यालाई १० रूपैयां जरिवाना गर्नु ८
- तित्रा, प्युरा, बटै, ढुकुर मार्न्यालाई ५ रूपैयां जरिवाना गर्नु ९
- ऐजंको फुल फोर्न्या, फुल चोर्न्यालाई २।५० रूपैयां जरिवाना गर्नु १०
- डाँफे, मोहनाल, फकरास, चिलमे, कालिज, चाषुरा, लइचे मार्न्यालाई १५ रूपैयां जरिवाना गर्नु ११

श्री ५ महाराजधीराज सूरेन्द्र विक्रम साहका हुकुमको उर्दि शिलालेखमा उल्लेख विविध प्रावधान

- ऐजंको फुल फोर्न्या, फुल चोर्न्यालाई ७।५० रूपैयां जरिवाना गर्नु १२
- हलेसो, वगेवा, सुघाव, परेवा, भ्याकुरा मार्न्यालाई ५ रूपैयां जरिवाना गर्नु १३
- ऐजंको फुल फोर्न्या, फुल चोर्न्यालाई २।५० रूपैयां जरिवाना गर्नु १४
- मजुर मार्न्यालाई १२ रूपैयां जरिवाना गर्नु १५
- ऐजंको फुल फोर्न्या, फुल चोर्न्यालाई ६ रूपैयां जरिवाना गर्नु १६
- अरू साना साना चरा चरंगी मार्न्यालाई २।५० रूपैयां जरिवाना गर्नु १७
- ऐजंको फुल फोर्न्या, फुल चोर्न्यालाई १ रूपैयां जरिवाना गर्नु १८
- यो वनका वृक्षको फुल सागपात टिपन्यालाई २।५० रूपैयां जरिवाना गर्नु १९
- फल टिपन्यालाई ५ रूपैयां जरिवाना गर्नु २०
- सुक्याको झिजामिजा चोर्न्यालाई ५ रूपैयां जरिवाना गर्नु २१
- स्याउला चोर्न्यालाई ७ रूपैयां जरिवाना गर्नु २२
- भैं घाँस काटन्यालाई भारी १ के २।५० रूपैयां जरिवाना गर्नु २३
- केराको थाम, बांस काटन्यालाई बोट १ को ४ रूपैयाका दरले जरिवाना गर्नु २४
- खुकुरीका बिडजत्रा रूष काटन्यालाई रूष १ को २ रूपयाका दरले जरिवाना गर्नु २५
- नारि पाखुरा जत्रा रूष काटन्यालाई रूष १ को ३ रूपैयाका दरले जरिवाना गर्नु २६
- पिडौला साप्राजत्रा मोटा रूष काटन्यालाई रूष १ को ६ रूपैयाका दरले जरिवाना गर्नु २७
- कम्बरजत्रा मोटा रूष काटन्यालाई रूष १ को १२ रूपैयाका दरले जरिवाना गर्नु २८
- कम्बर देषि मास्तिर ठूला रूष काटन्यालाई रूष १ को ६० रूपैयाका दरले जरिवाना गर्नु २९
- मालीगो षपतर काटन्यालाई बोट १ को ०।५० का दरले जरिवाना गर्नु ३०
- निगाल झाकरीघुंडे तिते सिगाने काटन्यालाई वोट १ को ०।५० का दरले जरिवाना गर्नु ३१
- चिडे, काभ्रो, कोइरालो, निघुरो, ठोटन्या, पदमचालनु काटन्यालाई एक फूल एक वोटको १ पैसाका दरले जरिवाना गर्नु ३२
- काफल, ऐस्यालु, चुत्रो, जामुन, क्यामुन, फातल, मछाइनु यो चोर्न्यालाई एक मानाको ०।५० का दरले जरिवाना गर्नु ३३

- पर्षालका किनारामा लायाका कांढाका बोट, सिउडीका बोट काटन्यालाई बोट १ को मोहो रूपैयां ०।५० का दरले जरिवाना गर्नु ३४
- पर्षाल भत्काउन्यालाई एक हात लम्बाई, एकहात गजको २० रूपैयां जरिवाना गर्नु ३५
- यो भन्दा बढता भत्काउन्यालाई तेही हिसावले जरिवाना गर्नु ३६
- आहाभित्र छोडेका चरा पर्षाल भित्र मारूता पनि पर्षाल बाहिर मारूता पनि जरिवाना तेही हो ३७
- चोर्दा भन्या चोऱ्याको रहेनछ पर्षाल भित्र मात्र पस्याको रहेछ भन्या तेस्ता मानिसलाई ५ रूपैयां जरिवाना गर्नु ३८
- दण्डका पैसा तिर्न सकेन भन्या मैन्हा १ को ५ रूपैयाका दरले कैद गरी सटक षनाउन ३९
- यो बेराम स्वास्नी मानिसले गऱ्याको रहेछ भन्या तेसको पोई, तेसैको नछुट्टीएको छोरालाई जरिवाना गर्नु जरिवानाका रूपैयां तिर्न सकेन भन्या कैद गरी सटक बनाउन ४०
- बेराम गर्न्या स्वास्नी मानिसको पोई पनि छैन छोरा पनि छैन भन्या नेल ठोकी बारूदषानाका बारूद बाक्न पठाउन ४१
- यो बेराम जागिऱ्या मानिसले गऱ्याको रहिछ भन्या नाम नाबुजी कितापमा नाउ कटाइदिनु जरिवाना पर्दैन ४२
- यो हुकुमको उर्दी उमराव देषदैनतकलाई येही हुकुम हो यो हुकुम जसले लंघन गर्ला सिलापत्रमा लेषिय बमाजिम जरिवाना हुन्याछ । तानाबाना बुझिन्याछ सो बुझि हुकुममा ततपर रहि यो वनमा पाइलो कसैले नहाल्नु ४३
- येस वन भित्र छाडेका जनावरहरूमा पर्षाल बाहिर निस्केका जसले मार्ला जसंग राख्ला माथि लेषियाका जरिवानाका तिन षण्डको दुईषण्ड जरिवाना गर्नु ४४
- यो वन भित्र छाडेका चारषुट्टे जनावर पर्षाल बाहिर निस्क्यो भन्या फलानु जनावर फलानु गाँउमा निस्क्याको छ भनि जसले जाहार गर्न आउला देषाउला त्यो मानिसलाई रूपैयां ०।५० देषि माथि जनावर हेरी इनाम पाउन्याछ ४५
- यस वनमा सोलाई दर्जन थाप्याको छ जियको माया हुन्याले योवनमा नपस्नु ४६

इति सम्बत १९२६ साल निति दुतिय वैसाष सुदि ८ रोज ४ सभम

नेपालमा संरक्षणको ऐतिहासिक पृष्ठभूमी

- तत्कालीन राणा प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाले १८४६ मा चितवन उपत्यकालाई शिकार आरक्षको स्थापना गरेर वन्यजन्तु संरक्षण गर्ने सुरूवात गरे । गैंडालाई "Rhino" as a "royal game" घोषणा गर्दै **गैडाको संख्या घट्दै गएकोले राज्यको संपत्तीको रूपमा संरक्षण गर्नुपर्ने** शाही उर्दी जारी । यद्यपी यो उर्दी सर्वसाधारणलाई मात्र लागुहुने र राणा परिवारले तराईका जंगलमा आफु र आपना पाहुनाहरूले शिकार गरीरहेको तलको तथ्यले देखाउदछ ।
- 1866. His Royal Highness the Duke of Edinburgh (2nd son of Her Majesty Queen Victoria) शिकार खेल्न नेपाल आएको बुझिन्छ तर के कति शिकार गरे तथ्य थाहा नभएको ।
- 1870 Feb 23rd-28th. His Royal Highness the Duke of Edinburgh (2nd son of Her Majesty Queen Victoria) शिकार खेल्न नेपाल आएको र उनले **२ वटा ठूला बाघ** (measuring 10'6" and 10'3") मारेर गए ।
- 1870 Feb 16th-March 5th His Royal Highness the Prince of Wales (Afterwards King Edward VII) नेपाल आई अत्यधिक संख्यामा **२३ बाघ, १ भालु, १ चितुवा मारे** । उनले **१ दिनमा ७ वटा बाघ मारेका** थिए ।
- 1876 King Edward **नेपाल आई अत्यधिक संख्यामा १२० बाघ, ८० गैंडा, १५ भालु, २७ चितुवा मारे ।** http://www.forestrynepal.org/notes/biodiversity/introduction/hunting-Nepal
- 1890 His Royal Highness the Prince Albert Victor, Duke of Clarence, उनले पश्चिमी तराईबाट **६ वटा बाघ मारेका** थिए ।
- 1894 His Royal Highness the Duke of Connaught नेपाल आए र उनले **३ वटा बाघ मारेका** थिए । (1970. Shah R)
- 1911 Dec 16th to 28th His Majesty King George V चितवनको सुखीभार र कसरामा शिकार खेली **३९ बाघ, १८ गैंडा, ४ भालु, १ चितुवा मारे** । उनले **१ दिनमा १० वटा बाघ, १ गैंडा, १ भालु**, मारेका थिए । (1970. Shah R)
- 1921 Feb 4th-21st December His Royal Highness the Prince of Wales (Afterwards King Edward VIII) नेपाल आई चितवनको ठोरी क्षेत्रमा अत्यधिक संख्यामा **१७ बाघ, १० गैंडा, २ भालु, २ चितुवा** मारे ।
- http://www.forestrynepal.org/notes/biodiversity/introduction/hunting-Nepal; (1970. Shah Rishikesh. Notes on hunting and wildlife conservation)
